जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २३३ २०८१ साल बैशाख ८ गते शनिबार (20 Apr. 2024 Saturday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : काठमाडौं-तराई-मधेश दूतमार्गको. ३ पृष्ठमा : चैतसम्म साढे पाँच लाखले लिए ... ३ पृष्ठमा विश्व बैंकद्वारा...

# सरोकारबाला एकजुट भए बालविवाह चाडै नियन्त्रणमा आउछ : जिसस प्रमुख साह



**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

बालविबाह विरुद्धको जिल्ला स्तरीय कार्यशाला गोष्ठी शुक्रवार राजविराजमा सम्पन्न भएको छ । जिल्लाको १८ वटै पालिकाका जनप्रतिनिधि, महिला बिकास अधिकृत र सरोकारबालाहरुको सहभागितमा सो गोष्ठि सम्पन्न भएको हो ।

गोष्ठिमा बोल्दै प्रमुख अतिथि जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहले बाल बिवाहलाई न्युनीकरण गर्नसके समाजको लागी ठूलो उपलब्धी हुने बताए । उनले बिगतको भन्दा अहिले बालबिबाह केही कम हुने गरेको तर, पूर्ण रुपमा बन्द नभएको प्रति चिन्ता व्यक्त गर्दै सबै सरोकारबाला एकजुट भए बालबिबाह चाँडै नियन्त्रणमा आउने बिश्वास व्यक्त गरे ।

बालविवाहलाई निरुत्साहित गर्न बालबालिकाहरुलाई अनिवार्य रुपमा शिक्षित बनाउन आवश्यक रहेकोले त्यतातिर पनि सबैले ध्यान दिनुपर्ने साहले बताए ।

गैर सरकारी संस्था महासंघ नेपाल शाखा सप्तरीका अध्यक्ष बलदेब मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद् मधेश प्रदेशका प्रदेश समन्वय अधिकृत संजिब महतोले बाल बिवाहबाट हुने असर र यसबाट पर्ने नकारात्मक प्रभाव तथा कानुनी व्यवस्थाबारे सहभागीहरुलाई जानकारी गराए ।

सन् २०३० सम्म बालबिवाह न्युनीकरण गर्ने लक्ष्य नेपाल सरकारको रहेको जानकारी गराउँदै महतोले त्यही विषयमा सहभागीहरुसँग छलफल भएको जानकारी दिए ।

सेभ द चिल्ड्रेन, जिल्ला समन्वय समिति सप्तरी, सबल नेपालको सहयोगमा गैर सरकारी संस्था महासंघ नेपाल शाखा सप्तरीले आयोजना गरेको कार्यक्रममा जिल्लाका १८ वटै पालिकाका उपप्रमुख र महिला विकास अधिकृत सहित ६५ जना सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

## सरकारीमा कार्यरत चिकित्सकलाई निजीमा काम नगर्न आग्रह

काठमाडौं, ७ वैशाख (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चिकित्सक तथा स्वास्थ्यकर्मीले निजी स्वास्थ्य संस्थामा पूर्णकालीन कार्य गर्नु कानुनविपरीत भएको जनाएको छ ।

मन्त्रालयका सचिव मधुसुदन बुर्लाकोटीले अपिल जारी गर्दै मन्त्रालयअन्तर्गत कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई निजी स्वास्थ्य संस्थामा पूर्णकालीनरुपमा कार्य गर्नु प्रचलित कानुनविपरीत भएकाले त्यसो नगर्न आग्रह गर्नुभएको छ ।

"मन्त्रालयअन्तर्गत कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी एवं कर्मचारी बिदा स्वीकृत गराइ वा नगराइ स्वदेशमा सञ्चालित निजी स्वास्थ्य संस्था तथा विदेशस्थित सरकारी वा निजी स्वास्थ्य संस्थामा पूर्णकालीनरुपमा कार्यरत रहेको भनी गुनासो प्राप्त भएको

***बाँकी तीन पृष्ठमा***

## रासससले पायो लालपुर्जा



**दैनिक समाचारदाता**
**राजबिराज, ७ बैशाख ।**

राष्ट्रिय समाचार समिति (रासस) को राजबिराजस्थित कार्यालयले शुक्रबार जग्गाधनी दर्ता प्रमाण पुर्जा (लालपुर्जा) प्राप्त गरेको छ ।

सञ्चार सम्बन्धी गतिविधि गर्दे आएको रासस्को राजबिराज ३ मा शाखा कार्यालय रहेको छ । दुई कठ्ठा दुई धुर जग्गामा राससको चारकोठे भवनमा विगत तीन दशकदेखि कार्यालय सञ्चालन हुँदै आएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा एक कार्यक्रमबीच प्रमुख जिल्ला अधिकारी किरण थापाले राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झालाई जग्गाधनी दर्ताको प्रमाण पुर्जा हस्तान्तरण गरे ।

जग्गा धनी प्रमाण पुर्जा बुझ्दै राससका कार्यकारी अध्यक्ष झाले ढिलो भएपनि राससको आफ्नै कार्यालय भवनका लागि जग्गा उपलब्धमा सहयोग गर्ने सबै व्यक्ति र निकाय धन्यबादको पात्र रहेको बताए ।

लालपुर्जा हस्तान्तरण कार्यक्रममा जिल्ला प्रशासन कार्यालय सप्तरीका शाखा अधिकृत भिमराव बस्नेत, रासस सप्तरीका प्रमुख शम्भु प्रसाद यादव, राससकर्मी अरुण यादव, नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद् सदस्य मनोज कुमार माझीको पनि उपस्थिति रहेको थियो ।

बि.स. २०६५ साल आसार १३ गते तत्कालिन प्रमुख जिल्ला

***बाँकी तीन पृष्ठमा***



# काठमाडौं-तराई-मधेश दूतमार्गको भौतिक प्रगति ३३ प्रतिशत

काठमाडौं, ७ वैशाख (रासस) ।

रक्षा मन्त्री हरिप्रसाद उप्रेतीले नेपाली सेनालाई जिम्मेवारी सुम्पिएको काठमाडौं-तराई-मधेश दूतमार्ग सहित चारवटै उत्तर-दक्षिण रणनीतिक सडकको निर्माणमा विनियोजित बजेटअनुरुप शतप्रतिशत नै लक्ष्य हाँसिल भइरहेको बताउनुभएको छ ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा सदस्यले उठाउनुभएको प्रश्नको जवाफमा उहाँले देशको कठिन भूगोल र दुर्गमस्थानलाई सडक सञ्जाल जोड्ने सरकारको लक्ष्यलाई सेनाले सहयोग पु-याइराखेको बताउनुभयो । मन्त्री उप्रेतीले भन्नुभयो, "सेनाको जनशक्ति तथा उपकरणको उपलब्धताको तुलनामा न्यून बजेट विनियोजन हुँदा क्षमताको पूर्णसदुपयोग हुन सकेको छैन । मुलुकको आर्थिक समृद्धि र रणनीतिक महत्वसँग जोडिएका सडक छिटो सम्पन्न गर्न मन्त्रालयले हरसम्भव समन्वय गरिरहेको छ ।"

आयोजना निर्माणकार्य समयमा पुरा गरी सर्वसाधारणले छिटो लाभ प्राप्त गर्न सकुन भन्नेमा मन्त्रालय सजग रहेको बताउँदै उहाँले खोकना क्षेत्रको जग्गा अधिग्रहण, पुरक वातावरणीय अध्ययन, विष्फोटक पदार्थ र अन्य निर्माण सामग्री व्यवस्थापन चूनौतिकाबीच निर्माणकार्य दू्तरुपमा अघि बढिरहेको जनाउनुभयो ।

प्रधानसेनापति प्रभुराम शर्माले सेनाको व्यवस्थापनमा निर्माणाधिन आयोजना काबुबाहेक निर्धारित समय र तोकिएको बजेटको सीमाभित्र पुरा गर्ने दृढता व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "केही विधि र प्रक्रियाकोकारण बाहेक पूर्वनिर्धारित लक्ष्यअनुरुप नै प्रगति हासिल भाएकोछ, काबुबाहिरको परिस्थितिबाहेक आयोजना समयमै पुरा हुन्छ, प्रेरणा दिने र आत्मबल बढाउने काम गरौं, शंका नगरौं ।"

पुल र सुरुङ निर्माणलाई गुणस्तरीय तुल्याउन सेना अरोरात्र खटिएको बताउँदै प्रधानसेनापति शर्माले हालसम्म विनियोजित बजेटअनुरुप काम गर्न सफल भएकाले तोकिएको समयसीमा भित्र पुरा हुनेमा विश्वस्त छौं भन्नुभयो ।

करिब ७१ किमी दुरीको काठमाडौं-तराई-मधेश द्रूतमार्ग(फाष्ट ट्र्याक)का हालसम्म ३३ प्रतिशत भौतिक र वितीय प्रगति हासिल भएको सो अवसरमा जानकारी दिइयो ।

निर्माणलाई १३ समूहमा विभिजन गरी आयोजना अघि बढाइएकामा प्रस्थान विन्दुक्षेत्र खोकनाबाहेक अरु क्षेत्रको काम भकाभक अघि बढिरहेको जानकारी दिइयो । त्यस मार्गमा बनाइनुपर्ने छ वटा सुरुङमध्ये तीन वटाको निर्माण समग्रमा ७८ प्रतिशत प्रगति हाँसिल भएको बताइयो ।

आयोजनाका लागि हालसम्म ३० हजार ५९१ रुख कटान गरिएकामा एक रुख बराबर २५ कादरले पाँच लाख विरुवा रोपेर हुर्काउने कामसमेत भइरहेको सेनाको भनाइ छ । केही रुख कटान, केही जग्गा अधिग्रहण, मुआब्जा वितरण लगायतका समस्या भने सुल्झाउन बाँकी नै रहेको जानकारी दिइयो ।

रक्षा मन्त्रालयका सचिव किरणराज शर्माले राजनीतिक, धार्मिक र सांस्कृतिलगायतका विभिन्न विषयवस्तुसँग गाँसिएको रणनीतिक महत्वको आयोजनालाई तीव्रगतिमा अघि बढाउन समयमै प्रयाप्त बजेटको अभावमा श्रोत, जनशक्ति र उपकरणको पूर्णरुपमा सदुपयोग हुन नसकेको प्रतिक्रिया दिनुभयो ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा दीपककुमार खरालले मुलुकको सर्वाधिक प्राथमिकता प्राप्त आयोजना समयमै सम्पन्न गर्ने सेनाको प्रयासमा मन्त्रालयका तर्फबाट हरसम्भव सहयोग र समन्वय भइरहेको विश्वास दिलाउनुभयो ।

सेनाको व्यवस्थापनमा निर्माण भइरहेका रणनीतिक महत्वका चार वटा उत्तर-दक्षिण सडकको समग्र प्रगति भने ८८ प्रतिशत रहेको पनि सो अवसरमा जानकारी दिइयो ।

भौतिकपूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले मुलुकको रणनीति महत्वको द्रुत मार्गलगायतका उत्तर-दक्षिण सडक कोरिडोर मन्त्रालयको प्राथमिकतामा रहेको बताउनुभयो ।

यसअघि बैठकमा सेनाको तर्फबाट द्रुतमार्ग र रणनीतिक महत्वको उत्तर-दक्षिणका चार वटा सडकको हालसम्मको कार्यप्रगति, कठिनाई र चूनौतिबारे समितिलाई जानकारी दिइयो ।

नेपाली सेनाका सहायकरथी विकास पोखरेलले द्रुतमार्गका लागि अधिग्रहण गर्नुपर्ने १५ हजार ४१६ रोपनी जग्गामध्ये ३९२ बाँकी नै रहेको तथा प्रस्थान विन्दुमा देखिएको समस्या सुल्झाउन विभिन्न ६ विकल्पमा अध्ययन भइरहेको जानकारी दिनुभयो ।

सेनाले विभिन्न कानुनी, नीतिगत, प्रक्रियागत कार्य र भौगोलिक चूनौतिकाबीचमा पनि आफनो नेतृत्वमा अघि बढिरहेका आयोजनालाई समयमै पुरा गर्न दिलो ज्यान र सम्भव भएसम्मको ज्ञान प्रयोग गरी पारदर्शी ढङ्गबाट लक्ष्य बमोजिम काम भइरहेको जनाएको छ । करिव रु दुई खर्ब ११ अर्ब ९४ करोडको लागतमा अघि बढिरहेको द्रुतमार्गमा हालसम्म रु ५७ अर्ब खर्च भइसकेको जानकारी दिइयो ।

यसअघि बैठकमा सदस्यले आयोजनासम्बन्धी आएका विभिन्न टिक्का टिप्पणी, प्रगति र सुल्झाउन पर्ने अड्चनबारे जिज्ञासा राख्नुभयो । बैठकमा सभापति रामहरि खतिवडाले मुलुकको आर्थिक विकास र समृद्धिसँग प्रत्यक्ष सरोकार जोडिएका कोरिडोर र दूतमार्ग समयमै सम्पन्न गर्न आवश्यक बजेट विनियोजनका लागि समितिले सरकारलाई निर्देश गरेको बताउनुभयो । यसअघि समितिले सेनासँग गत पुसमा ती आयोजनाकाबारेमा जानकारी लिएको थियो । बिसं २०७४ जेठमा शिलान्यास भई २०७६ असोजबाट कार्य प्रभारम्भ भएको द्रुत मार्ग आगामी २०८३ चैतसम्ममा निर्माण पुरा गर्ने गरी सेनाको व्यवस्थापनमा अघि बढिरहेको छ ।

## सम्पादकीय

### जिप्रकाको स्वागतयोग्य निर्णय

जिल्ला प्रशासन कार्यालय सप्तरीले नयाँ वर्षको सुरुवातसँगै गरेको एउटा उदाहरणिय तथा ऐतिहासिक निर्णय स्वागतयोग्य रहेको छ । प्रशासन कार्यालयले बि.स. २०८१ सालमा सरकारले दिने सार्वजनिक बिदाका दिन पनि सेवाहरु प्रवाह गर्ने निर्णय स्वागतयोग्य रहेको छ । सो कार्यालयले बिदाका दिन पनि नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा दिने जनाएको छ । यो सह्रानिय कार्य हो ।

सरकारले २०८१ सालमा बैशाख ५ गते रामनवमी, जेठ १० गते चण्डी पूर्णिमा (बैशाख पुर्णि) बृद्ध जयन्ती, उभौली पर्व, जेठ १५ गते गणतन्त्र दिवस, भदौं ३ गते रक्षाबन्धन, भदौं १० गते श्रीकृष्ण जन्माष्टमी, असोज १७ गते घटस्थापना, मंसिर ३० गते धान्य पूर्णिमा, उधौली पर्व, योमरी पुन्हि (ज्यापु दिवस), पुस १० गते क्रिसमस डे पुस १५ गते तमु ल्होसार, माघ १ गते माघी पर्व/माघे संक्रान्ति, माघ १६ गते सहिद दिवस, माघ १७ गते सोनजम ल्होसार, फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन १४ गते महाशिवरात्री, फागुन १६ गते ग्याल्पो ल्होसार र मिति निर्धारण नभएको ईद र बकर ईद पर्वमा ती तीनै वटा सेवाहरु प्रवाह हुने जनाएको छ ।

जनतालाई तीनै वटा सेवा जुनसुकै बेला पनि चाहिने हुन्छ । यसका लागि अब कार्यालय खुल्ने दिन कुर्नु पर्दैन् । सार्वजनिक बिदाकै दिन जनतालाई फुर्सद हुने भएकोले अब उनीहरुले नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्र बनाउन पाउने छन् । तसर्थ जनतासँग प्रत्यक्ष सरोकार राख्ने अन्य कार्यालयले पनि यसरी नै सार्वजनिक बिदाको दिन आफ्नो सेवा प्रभाव गर्न कदम चाल्न सके पक्कै पनि जनताले राहत पाउने छन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

विद्यार्थी भर्ना अभियान-२०८१
भव्यताका साथ सफल पारौं !
"सबै बालबालिकाको विद्यालयमा सहभागिता: गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"




जनहितका लागि जारि सन्देश
तिलाठी कोइलाडी गाउँपालिकाको कार्यालय, सप्तरी

विद्यार्थी भर्ना अभियान-२०८१
भव्यताका साथ सफल पारौं !
"सबै बालबालिकाको विद्यालयमा सहभागिता: गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"




जनहितका लागि जारि सन्देश
सुरुङ्गा नगरपालिकाको कार्यालय, सप्तरी

# चैतसम्म साढे पाँच लाखले लिए श्रम स्वीकृति

काठमाडौं, ७ वैशाख (रासस)।

चालु आर्थिक वर्षको चैतसम्ममा वैदेशिक रोजगारीमा जान करिब साढे पाँच लाख जनाले श्रम स्वीकृति लिएका छन्।

चैतमा मात्रै ७० हजार नौ सय ३३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन्। श्रम स्वीकृति लिनेमा ६४ हजार दुई सय ४१ जना पुरुष र छ हजार छ सय ९२ महिला रहेको वैदेशिक रोजगार विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "श्रम स्वीकृति लिनेमध्ये १३ हजार तीन सय ७३ जना अदक्ष अर्थात सीप नभएका, ५१ हजार तीन सय २८ जना सीप भएका, पाँच हजार छ सय ८४ जना अर्धदक्ष, चार सय ८२ जना व्यवसायिक दक्षता र ६६ जना उच्च दक्ष भएका छन्।"

यसैगरी चालु आवको साउनमा ५५ हजार पाँच सय ७५, भदौमा ५० हजार आठ सय ८४, असोजमा ५६ हजार दुई सय ३५, कात्तिकमा ४३ हजार छ सय २२, मङसिरमा ७१ हजार दुई सय ७६, पुसमा ६५ हजार आठ सय १३, माघमा ६२ हजार एक सय ४७ र फागुनमा ६५ हजार छ सय ५८ जनाले श्रम स्वीकृति लिएर विदेश गएका विभागको तथ्याङ्कमा उल्लेख गरिएको छ।

विभागको तथ्याङ्क अनुसार चैतमा मात्रै १७ हजार आठ सय १८ जना नेपाली रोजगारीका लागि यूएई पुगेका छन्। सोही महिनामा साउदी अरेबियामा १३ हजार छ सय ४१ जना, कतारमा ११ हजार दुई सय ४ जना, मलेसियामा १२ हजार छ सय २ जना, कुवेतमा ४ हजार ७६ जना र बहराइनमा नौ सय ६४ जना पुगेका छन्।

यसैगरी रोमनियामा दुई हजार दुई सय सय ९९ जना, क्रोएसियामा नौ सय ६० जना, साइप्रसमा सात सय ८१ जना, जापानमा एक हजार तीन सय ५१ जना, माल्दिभ्समा चार सय ९३ जना, मौरिससमा छ सय २० जना र दक्षिण कोरियामा छ सय ५७ जना रोजगारीका लागि गएका तथ्याङ्कले देखिएको छ।

### सरकारीमा कार्यरत ...

हुँदा यस सम्बन्धमा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ", अपिलमा भनिएको छ, "यसरी काम गर्नु प्रचलित कानुन र विधिको प्रतिकूल हुने हुँदा यससम्बन्धी कार्यमा संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मी एवं कर्मचारीलाई संयमित तथा कानुनसम्मत क्रियाकलाप गरिदिन हुन मन्त्रालय हार्दिक अनुरोध गर्दछ।"

### राससले पायो ...

अधिकारी रामप्रसाद घिमिरेको अध्यक्षतामा रहेको भोगाधिकार समिति (स्थानिय सिफारिश समिति) ले उक्त जग्गा रासस कार्यालयलाई उपलब्ध गराउने गरी सम्पूर्ण प्रक्रिया पुरा गरी भूमि सुधार व्यवस्था विभागमा पत्राचार गरेको थियो।

विभागले २०६६ पौष ३० गते राससको नाममा उक्त जग्गाको जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराई सहयोग गरिदिने व्यवस्थाका लागि नापी कार्यालय शाखा राजविराजलाई पत्राचार गरेको थियो। तर, प्रक्रिया लम्बिदा पत्राचार भएको झण्डै १५ बर्षपछि रासस कार्यालयले जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरेको हो।

राससका कार्यकारी अध्यक्ष झा शुक्रबार नै राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीन संग पनि भेटघाट गर्दै राजविराजस्थित रासस कार्यालयको जिर्ण भवन मर्मत सम्भारमा सघाउन आग्रह गरेका छन्।

उनले सञ्चार क्षेत्रमा राससको भूमिका, महत्व र वर्तमान समयमा भोग्नु परिरहेको समस्याबारे विस्तृत जानकारी गराउँदै स्थायिन सरकारको हैसियतले नगरपालिकाबाट गर्न सकिने सहयोग बारे छलफल समेत गरेका छन्।

सो क्रममा कार्यवाहक नगरप्रमुख परवीनले आफूले नगरपालिकाको साधन श्रोतले भ्याएसम्म सहयोग गर्ने प्रतिवद्धता जनाइन्।


## वी.पी. स्मारक पब्लिक माध्यमिक विद्यालय
हनुमाननगर कंकालिनी न.पा.-१, भारदह, सप्तरी
मधेश प्रदेश

पान नं.: ३०१२७२८३२

पत्र संख्या :- २०८०/०८१
चलानी नम्बर :-
विद्यालय कोड नं. ... २ ... ० ० ० १
मिति: २०८१/०१/०६

विषय : शिक्षक आवश्यकता सम्बन्धमा।

यस वी.पी.स्मारक पब्लिक माध्यमिक विद्यालय,भारदह,हनुमाननगर-कंकालिनी न.पा.-१,सप्तरीको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/१२/१९ गतेको निर्णय तथा हनुमाननगर-कंकालिनी नगरपालिकाको मिति २०८०/१२/३० को अनुमति बमोजिम यस विद्यालयमा अंग्रेजी माध्यमामा अध्यापनको लागि निजी स्रोतगा शिक्षक नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१/०१/२०) भित्र तपसिलको शिक्षक पदमा उल्लेख अनुसार रीतपूर्वको दरखास्त आव्हान गरिन्छ।

तपसिल

१.

| क्र.सं. | विज्ञापन नं. | तह श्रेणी | विषय | पद संख्या | आवश्यक योग्यता |
|---|---|---|---|---|---|
| १. | ०१/२०८०-८१ | मा.शि.तृ. | विज्ञान | १ | विज्ञान विषय लिई स्नातक तह(बि.एस्सी.)उत्तीर्ण वा सो सरह |
| २. | ०२/२०८०-८१ | मा.शि.तृ. | गणित | १ | मूल विषय गणित लिई स्नातक तह उत्तीर्ण वा सो सरह |
| ३. | ०३/२०८०-८१ | मा.शि.तृ. | अंग्रेजी | १ | मूल विषय अंग्रेजी लिई स्नातक तह उत्तीर्ण वा सो सरह |
| ४. | ०४/२०८०-८१ | मा.शि.तृ. | नेपाली | १ | मूल विषय नेपाली लिई स्नातक तह उत्तीर्ण वा सो सरह |
| ५. | ०५/२०८०-८१ | मा.शि.तृ. | सामाजिक | १ | मूल विषय सामाजिक लिई स्नातक तह उत्तीर्ण वा सो सरह |
| ६. | ०६/२०८०-८१ | नि.मा.शि. | गणित | १ | गणित विषय लिई +२ उत्तीर्ण वा सो सरह |
| ७. | ०७/२०८०-८१ | नि.मा.शि. | स्वास्थ्य | १ | स्वास्थ्य विषय लिई +२ उत्तीर्ण वा सो सरह |
| ८. | ०८/२०८०-८१ | नि.मा.शि. | नेपाली | १ | नेपाली विषय लिई +२ उत्तीर्ण वा सो सरह |
| ९. | ०९/२०८०-८१ | नि.मा.शि. | अंग्रेजी | १ | अंग्रेजी मूल विषय लिई +२ उत्तीर्ण वा सो सरह |
| १०. | १०/२०८०-८१ | प्रा.शि. | - | ६ | +२ उत्तीर्ण वा सो सरह |

२.उमेरको हद: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
३. संलग्न राख्नु पर्ने कागजातहरु : - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान १।
- अध्ययापन अनुमतिपत्रको प्रतिलिपी थान १ (विज्ञान पदको लागि अनिवार्य हुने छैन्।)
- फोटो (पासपोर्ट साइज) थान २।
- आफुले हासिल गरेको योग्यता प्रमाणपत्रको प्रतिलिपी १/१ थान।
४. छनौटको किसिम : लिखित, अन्तर्वार्ता र कक्षा अवलोकन।
५. सम्पर्क मिति : २०८१/०१/१८ गते कार्यालय समय भित्र।
६. दरखास्त दिने स्थान : वी. पी. स्मारक पब्लिक माध्यमिक विद्यालय भारदह
७. पाठ्यक्रम : शिक्षक सेवा आयोगले तोके अनुसार।
८.परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ।
९. तलब स्केल : निजी स्रोत शिक्षक छनौट कार्यविधि- २०८० अनुसार।
१०.आवेदन दस्तुर : मा.शि.- रु.१०००/ नि.मा.शि. - रु.७५०/ प्रा.शि. - रु.५००/
११.थप जानकारीको लागि सम्पर्क नं. ९८६२८६६३६५

प्रधानाध्यापक
वी.पी.स्मारक पब्लिक मा.वि. भारदह, सप्तरी



विद्यार्थी भर्ना अभियान-२०८१
भव्यताका साथ सफल पारौं!

"सबै बालबालिकाको विद्यालयमा सहभागिता: गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"




जनहितका लागि जारि सन्देश
कंचनरुप नगरपालिकाको कार्यालय, सप्तरी


## विश्व समाचार

### विश्व बैंकद्वारा पाकिस्तानलाई कर प्रणलीमा सुधार गरी शुल्क र बिक्री कर छुट हटाउन आग्रह

इस्लामाबाद, ७ वैशाख (रासस/एएनआई)।

विश्व बैंकले पाकिस्तानी सरकारलाई कर प्रणलीमा सुधार गरी शुल्क र बिक्री करमा विद्यमान छुट हटाउन आग्रह गरेको पाकिस्तानस्थित एआरवाई न्यूजले जनाएको छ।

पाकिस्तानबारे जारी गरेको रिपोर्टमा विश्व बैंकले पाकिस्तानी सरकारलाई आर्थिक र सामाजिक सुधारका लागि तत्काल कर प्रणाली सुधार तथा बिक्री कर छुट हटाउन आवश्यक सल्लाह दिएको एआरवाई न्यूजको रिपोर्टले जनाएको छ।

प्रतिवेदन अनुसार बैंकले सरकारलाई बाल विकासका लागि राष्ट्रिय नीति बनाउन आग्रह गर्दै ऊर्जा र अन्य वस्तुमा अनुदान घटाउन आह्वान गरेको छ। साथै बैंकले सरकारलाई यी कोषहरू जनकल्याणका पहलहरूमा पुनः बाँडफाँट गर्नसमेत सुझाव दिएको छ।

बैंकले सरकारलाई मितव्ययिताका उपायहरू अवलम्बन गरी सरकारी स्वामित्वका कम्पनीहरूमा सार्वजनिक-निजी साझेदारीलाई बढावा दिनुपर्ने आग्रह गरेको एआरवाई न्यूजको रिपोर्ट जनाएको छ।

प्रतिवेदनमा बैंकले पाकिस्तालाई कर प्रणालीको पुनर्गठन, शुल्क र बिक्री करको छुट नियन्त्रण र अचल सम्पत्ति तथा कृषि उद्योगमा नयाँ कर लगाउन आग्रह गरेको छ। यसैगरी दीर्घकालीन व्यावसायिक योजना सिर्जना गरी उपभोक्ताहरूका लागि ग्याँस आपूर्ति लागतसँग समायोजन गर्न पनि बैंकले आह्वान गरेको छ।

सन् २०२३ मा विश्व बैंकले पाकिस्तानले आफ्नो वास्तविक क्षमताभन्दा कम कर सङ्कलन गरिरहेको बताएको थियो। बैंकको प्रतिवेदनमा पाकिस्तानमा कर सङ्कलनमा सात खर्ब ३७ अर्ब रुपैयाँ (पाकिस्तानी रुपैयाँ) ले कम भएको उल्लेख गर्दै ऋणको बोझ मुक्त गर्न सबै कर छुट समाप्त गर्न इस्लामाबादलाई आग्रह गरिएको छ।

### रुसद्वारा २३५ अस्ट्रेलियालीलाई मस्को प्रवेशमा रोक

मस्को, ७ वैशाख (रासस/एएनआई)।

अस्ट्रेलियाले रुसी निजी व्यक्ति र कानूनी संस्थाहरूमा प्रतिबन्ध लगाएपछि रुसको विदेश मन्त्रालयले मस्कोमा दुई सय ३५ अस्ट्रेलियालीलाई अनिश्चितकालका लागि प्रवेशमा रोक लगाएको छ। युक्रेनमा रुसको आक्रमणको निन्दा गर्नका लागि सक्रियरूपमा आफ्नो मुलुकमा रुसविरोधी एजेन्डालाई बढावा दिइरहेका ती अस्ट्रेलियालीहरू नागरिक परिषद्का सदस्य भएको मस्कोले बताएको छ।

"सामूहिक पश्चिमको रुसोफोबिक अभियानको हिस्साका रूपमा अस्ट्रेलिया सरकारले रुसी निजी व्यक्ति र कानूनी संस्थाहरूमाथि लगाएको राजनीतिकरूपले प्रेरित प्रतिबन्धको जवाफमा सक्रियरूपमा हाम्रो मुलुकमा रुसविरोधी एजेन्डालाई बढावा दिइरहेका दुई सय ३५ अस्ट्रेलियाली नगरपालिकाका सदस्यहरूलाई रुसमा प्रवेश गर्न अनिश्चितकालका लागि अस्वीकार गर्ने निर्णय गरिएको छ", रुसको विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ।

यसका साथै यी अस्ट्रेलियामा पूर्व भिक्टोरियाली प्रधानमन्त्री डयानियल एन्ड्रयुज र भिक्टोरियाली विपक्षी नेता जोन पेसुट्टो पनि रहनुभएको छ। विज्ञप्तिअनुसार अब यी अस्ट्रेलियालीलाई रुसी सङ्घ प्रवेशमा वञ्चित गरिएको छ।

क्यानबेराले आफ्नो रुसविरोधी धारणा त्याग्ने र नयाँ प्रतिबन्ध जारी राख्नेबारे कुनै सङ्केत नदेखाएकाले मन्त्रालयले अस्ट्रेलियालीहरूको सूची थप अद्यावधिक गर्ने जनाएको छ।

सन् २०२२ मा युक्रेनमा आक्रमण सुरु गरेपछि धेरै मुलुकले रुसी व्यक्ति र संस्थाहरूमाथि प्रतिबन्ध जारी गरेका छन् र रुससँग आयात तथा निर्यातमा प्रतिबन्ध लगाएका छन्।

युक्रेनको सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि रुसी खतराको जवाफमा अस्ट्रेलियाले रुसका सम्बन्धमा प्रतिबन्धहरू लगाएको थियो।

### भारतमा मतदान सुरु

नयाँ दिल्ली, ७ वैशाख (रासस/सिन्ह्वा)।

शुक्रबारदेखि सुरु भएको भारतको आम निर्वाचनमा भारतीय जनता पार्टी (भाजपा) का वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकालका लागि सत्तामा रहन सक्ने निर्णय झण्डै एक अर्ब मतदाताले गर्नेछन्। उहाँले भारतका अधिकांश क्षेत्रमा गहिरो जरा गाडेको प्रमुख विपक्षी दल भारतीय राष्ट्रिय कांग्रेसको नेतृत्वमा रहेको भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (इन्डिया) नामक करिब दुई दर्जन विपक्षी दलहरूको गठबन्धनबाट चुनौती सामना गरिरहनुभएको छ।

भारतीय संसदमा दुई सदन (लोकसभा वा जनताको सभा र राज्य सभा वा राज्य परिषद्) रहेका छन्। आगामी निर्वाचनमा लोकसभाका पाँच सय ४५ सिटमध्ये पाँच सय ४३ सिटका लागि मतदाताले मतदान गर्ने र बाँकी दुई राष्ट्रपतिले मनोनयन गर्नुहुन्छ।

लोकसभाका लागि प्रत्येक पाँच वर्षमा निर्वाचन हुन्छ। पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत मतदाताहरूले एक उम्मेद्वारलाई भोट दिन्छन् र सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेद्वारले चुनाव जित्छ। बहुमत सिट जित्ने दल वा गठबन्धनले सरकार बनाउँछ।

विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको देशमा मतदान गर्नका लागि ९६ करोडभन्दा बढी मतदाता १० लाखभन्दा बढी मतदान केन्द्रमा मतदान गर्न योग्य रहेको अधिकारीहरूले बताएका छन्। निर्वाचनका लागि करिब एक करोड ५० लाख मतदान अधिकृत र सुरक्षाकर्मी खटाइने छन्।

जुन १ सम्म सात चरणमा हुने निर्वाचनको नतिजा जुन ४ मा सार्वजनिक हुनेछ। निर्वाचनसँग जोडिएको खर्च निकै ठूलो रहेको छ। दिल्लीस्थित 'सेन्टर फर मिडिया स्टडिज'का अनुसार २०१९ को आम चुनावमा आठ अर्ब ६० करोड अमेरिकी डलर खर्च भएको र यस वर्षको लागत १४ अर्ब ४० करोड अमेरिकी डलर नाघ्ने अनुमान गरिएको छ।

# वार्षिकोत्सवमा सिटिजन बैंकका कर्मचारीद्वारा रक्तदान




**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**
सिटिजन बैंकको १७ औं बार्षिकोत्वसवको अवसरमा शुक्रबार सो बैंकको राजबिराज शाखाले रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

नेपाल रेडक्रस सोसाईटीको सहकार्यमा राजबिराजस्थित शाखाको कार्यालय परिसरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन् ।

वर्तमान अवस्थामा रगतको बढ्दो मागलाई ध्यानमा राखी स्वास्थ्य उपचारको क्रममा रगतको आवश्यक पर्ने विरामीहरुलाई सहज रुपमा रगत उपलब्ध गराउने उद्देश्यले बार्षिकोत्सवको अवसरमा रक्तदान गरिएको शाखा प्रबन्धक राजकुमार यादवले जानकारी दिए ।

उनले रक्तदानमा सिटिजन बैंकका क्लष्टर प्रमुख प्रकाश नेपाल सहित राजबिराज शाखासहित कल्याणपुर, पातो, बोदेबरसाइन, काचन, फत्तेपुर र भारदह शाखाका कर्मचारीहरुले समेत रक्तदान गरेको बताए ।

# आनन्द साहको परिवारलाई प्रदेश सरकारद्वारा पाँच लाख सहयोग

गोदार (धनुषा), ७ वैशाख (रासस) ।
प्यालेस्टिनी राजनीतिक तथा सैन्य समूह हमासको आक्रमणमा परी गत असोजमा ज्यान गुमाएका धनुषाका आनन्द साहको परिवारलाई मधेस प्रदेश सरकारले रु पाँच लाख सहयोग गरेको छ ।

प्रदेश सरकारबाट घोषणा भएअनुरुप मुख्यमन्त्री सरोजकुमार यादवले शुक्रबार मृतक साहका बुवा सोमन साहलाई रु पाँच लाख बराबरको चेक हस्तान्तरण गर्नुभएको हो ।

गत असोज २० गते इजरायलको मध्य र दक्षिण क्षेत्रमा हमास समूहले गरेको आक्रमणमा परी धनुषाको लक्ष्मीनियाँ-४ का आनन्द साहसहित अध्ययन भ्रमणमा रहेको १० जना विद्यार्थीको निधन भएको थियो ।

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
Play Group to Class 9
"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"

हाम्रो विशेषताहरु
- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

सम्पर्क फोन नं. ०३१-५९०१९२
मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)
मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१

# सांसद खानद्वारा सपथ ग्रहण

काठमाडौँ, ७ वैशाख (रासस) ।
सभामुख देवराज घिमिरले प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीद्वारा नवनिर्वाचित सांसद हसिना खानलाई पद तथा गोपनीयताको सपथ गराउनुभएको छ ।

सिंहदरबारस्थित संसद सचिवालयमा शुक्रबार आयोजित कार्यक्रममा सभामुख घिमिरले सांसद खानलाई पद तथा गोपनीयताको सपथ गराउनुभयो । सभामुख घिमिरले सांसद खानलाई सांसद अङ्कित प्रतीक चिन्ह (लोगो) र खादा ओडाएर बधाई ज्ञापन गर्नुभयो ।

सङ्घीय संसद्को कानुनबमोजिम कुनै पनि नवनिर्वाचित सदस्यले बैठकमा भाग लिनु अघि सभामुख समक्ष पद तथा गोपनीयताको सपथ लिनुपर्ने कानुनी व्यवस्था छ । सो अवसरमा सचिवालयको तर्फबाट सङ्घीय संसदका महासचिव पद्मप्रसाद पाण्डेयले बधाई तथा शुभकामना व्यक्त गर्दै संसद सचिवालयद्वारा उपलब्ध गराउने नेपालको संविधान, संसद नियमावलीलगायत अन्य कानुन कागजातहरु उपलब्ध गराउनुभयो ।

सांसद खान जनता समाजवादी पार्टीबाट निर्वाचित हुनुभएको हो । केही समयअघि सो पार्टीका मञ्जु अन्सारी शर्माको निधन भएपछि सांसद खान निर्वाचित भएको जानकारी निर्वाचन आयोगले संसद सचिवालयलाई जानकारी गराएको थियो ।

विद्यार्थी भर्ना अभियान-२०८१
भव्यताका साथ सफल पारौं !
"सबै बालबालिकाको विद्यालयमा सहभागिता: गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"




जनहितका लागि जारि सन्देश
सप्तकोशी नगरपालिकाको कार्यालय, सप्तरी

# स्वास्थ्य बीमाबारे भ्रामक सूचनाको भर नपर्न स्वास्थ्य मन्त्रालयको अनुरोध

काठमाडौँ, ७ वैशाख (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य बीमाबारे भ्रामक विज्ञापन तथा सूचना प्रसारणमा भर नपर्न अनुरोध गरेको छ । मन्त्रालयले एक सूचना जारी गर्दै विगत केही दिनदेखि फेसबुकलगायत सामाजिक सञ्जालमा नेपाल सरकारको लोगो प्रयोग गरी स्वास्थ्य बीमाप्रति भ्रामक सूचना फैलिएको भन्दै त्यसमा कुनै सत्यता नभएको जनाएको हो ।

सूचनामा भनिएको छ, "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका नाममा विभिन्न उमेर समूहका लागि निःशुल्क स्वास्थ्य बीमा भनी भ्रामक विज्ञापन तथा सूचनाहरु प्रसारण गरेको पाइएको छ । यस्ता सूचना/विज्ञापनमा कुनै सत्यता नभएकाले यस प्रकारका सूचना/विज्ञापनमा नहेर्नुहुनसमेत सम्पूर्ण सर्वसाधारणमा अनुरोध छ ।"

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले सामाजिक सञ्जालमा आएका गलत तथा भ्रामक सूचना तथा विज्ञापन प्रसारण गर्नेलाई विद्यमान कानुनअनुसार सम्बन्धित निकायमार्फत कारबाही प्रक्रिया अघि बढाइ सकिएको जानकारी गराउनुभयो । उहाँले सर्वसाधारणलाई पनि भ्रामक सामग्रीको प्रयोग नगरी जानकारीका लागि आधिकारिक निकायमा सम्पर्क गर्न अनुरोध गर्नुभयो ।

गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउनः

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर,आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*